# मंगला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
वाबियाचौर, म्याग्दी
४ नं. प्रदेश, नेपाल

प.सं : २०७४/०७५
च.नं : १५४८

मिति: २०७५/०२/२२

---

विषय :- एकिकृत घुम्ती शिविरमा विषयगत कार्यालयहरु/शाखाहरुको सेवा व्यवस्थापन हुन आवश्यक, समन्वय, सहयोग र उपयुक्त निर्देशन गरिदिनु हुन ।

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय म्याग्दी
बेनी ।

उपर्युक्त सम्बन्धमा यस गाउँपालिकाको ३ नं. वडा बरञ्जामा अवस्थित महेन्द्र रत्न शिक्षा क्याम्पसको खाली जग्गामा यहि जेष्ठ २९ गते मंगलवारका दिन सामाजिक विकास मन्त्रालय प्रदेश नं. ४, पोखराको प्राविधिक सहयोगमा स्त्री रोग सम्बन्धि वृहद् स्वास्थ्य शिविर सञ्चालन हुन लागेको सन्दर्भमा जिल्ला स्थित सेवा प्रदायक कार्यालयहरुको समन्वय र सहयोगमा एकिकृत घुम्ती शिविर व्यवस्थापन गरी नागरिकहरुलाई विविध सेवा पुऱ्याउन प्रमुख जिल्ला अधिकारी संगको समन्वय र सहयोग एवं सल्लाह, सुझाव, निर्देशनमा बहुउपयोगी सेवा प्रवाह गर्नु गराउन हुन माननीय सामाजिक विकास मन्त्री नरदेवी पुनज्यूबाट मिति २०७५/०२/१९ गते निर्देशन भएकाले निम्नानुसारका सेवा प्रवाहको लागि सम्बन्धित कार्यालय/शाखाहरुलाई उपयुक्त निर्देशन गरिदिनु हुन अनुरोध गर्नुहुन भनी श्रीमान् गाउँपालिका अध्यक्षज्यूबाट निर्देशन भएकाले निर्देशनानुसार अनुरोध गर्दछु ।

**<u>एकिकृत घुम्ती शिविरमा नागरिकहरुबाट अपेक्षित भएका सेवाहरु :-</u>**

१. नेपाली नागरिकताको प्रमाणपत्र वितरण ।
२. अपाङ्गता परिचयपत्र वितरण ।
३. जेष्ठ नागरिक परिचयपत्र वितरण ।
४. कृषि तथा पशु सेवा सम्बन्धि परामर्श/विज्ञ सेवा प्रवाह ।
५. जग्गा सम्बन्धी (मालपोत तथा नापी) सेवा प्रवाह ।
६. लघु उद्यम/उद्योग व्यवसाय दर्ता सम्बन्धी ।

२०७५।२।२२
विष्णुप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत